# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६] काठमाडौं, भाद्र २९ गते २०२३ साल [अतिरिक्ताङ्क २४

श्री ५ को सरकार

### उद्योग वाणिज्य-मन्त्रालयको

### सूचना

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ को उप-दफा (१) र उप-दफा (२) को खण्ड (ख) र (ङ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेकोछः-

नेपाल अधिराज्यभित्र पैठारी भैसकेको तर (Export For Nepal) भनी छाप नलागेको चुरोट मध्ये बट्टा-बट्टामा सम्बन्धित अञ्चलाधीश अफिसको छाप नलागेको चुरोट २०२३ साल आश्विन १ गतेदेखि बिक्री बितरण गर्न गराउन निषेध गरिएकोछ।

नोटः- नेपाल गजेट भाग ३ खण्ड १६, २०२३ साल भाद्र २३ गतेको अतिरिक्ताङ्क २२ मा प्रकाशित आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ को उप-दफा (१) र (२) को खण्ड (ख) र (ङ) अन्तर्गतको आदेश खारेज गरिएकोछ।

आज्ञाले-

कुमारमणि आ. दीक्षित

श्री ५ को सरकारको का. मु. सचिव।



श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

862